**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ जून २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. पश्चिम बङ्गालका मुख्यमन्त्री बनेपछि पहिलो पटक शुभेन्दु अधिकारी हिजो हुगली जिल्लाको प्रसिद्ध तारकेश्वर मन्दिरमा पुग्नु भयो।

२. पश्चिम बंगाल सरकारले आजदेखि अन्नपूर्ण योजना सुरु गर्नेछ जसको मुख्यमन्त्री शुभेन्दु अधिकारीले औपचारिक रूपमा यस पहलको उद्घाटन गर्नु हुनेछ।

३. पश्चिम बंगालकी पूर्व मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीले हिजो कोलकाताको धर्मतलास्थित 'वाई-च्यानल' मा भाजपा सरकारको विरुद्धमा विरोध प्रदर्शन गर्नु भएको छ।

४. उत्तर बङ्गालको चिया उद्योगको विकास र बन्द चिया बागानहरूको समस्या समाधान गर्न तथा श्रमिकहरूको कल्याणलाई लिएर उत्तरकन्यामा बैठक आयोजना गरिएको छ।

५. आकाशवाणी खरसाङको 65औं स्थापना दिवसको अवसरमा पद्मश्री पुरस्कारले सम्मानित एवं पर्यावरणविद् डा गम्भीरसिंह योञ्जनलाई सम्मान जनाइएको छ।

**मुख्यमन्त्री शुभेन्दु अधिकारी**

पश्चिम बङ्गाल राज्यका मुख्यमन्त्री बनेपछि पहिलो पटक शुभेन्दु अधिकारी हिजो हुगली जिल्लाको प्रसिद्ध तारकेश्वर मन्दिरमा पुग्नु भयो। अपरान्ह लगभग 1:30 बजे उहाँले बाबा तारकनाथको दर्शन गरी पूजा-अर्चना गर्नु भयो। त्यसपछि मन्दिर परिसरको छेवैमा अवस्थित अतिथि गृहमा हुगली जिल्लाका भाजपा विधायकहरू तथा प्रशासनिक अधिकारीहरूसित बैठक गर्नु भयो। मुख्यमन्त्री कोलकातादेखि सड़क मार्ग भएर दुर्गापुर एक्सप्रेसवे, सिङ्गुर, कामारकुण्डु, नालिकुल, जयकृष्ण बजार, पद्मपुकुर औ चाउलपट्टी हुँदै तारकेश्वर पुग्नु भयो। यस अवधि मुख्यमन्त्री शुभेन्दु अधिकारीले भन्नु भयो, तारकेश्वरमा एउटा कार्यक्रम थियो। यहाँ आउँदा म जहिल्यै पनि तारकेश्वरको दर्शन गरेर जाने हुनाले आज पनि यहाँ आएको हुँ। महादेव बिना केही पनि हुँदैन, बाबाले मलाई आशीर्वाद दिउन् अनि राम्रो काम होस्....यहाँ धेरै काम गर्नुपर्छ। तारकेश्वर धाम एउटा विशाल धाम हो जसको रङ्ग पहिला फेर्नुछ जुन रङ्ग भगवा हुनेछ।

उल्लेखनीय छ, वर्ष 2022 मा नेता प्रतिपक्ष छँदा श्री शुभेन्दु अधिकारीले नवान्न अभियानको समर्थनमा तारकेश्वरबाट एउटा ऱ्याली निकाल्नु भएको थियो। त्यसताक उहाँलाई कालो झण्डा देखाएको तथा ढुङ्गामुड़ा गरेको आरोप तृणमूल कङ्ग्रेसमाथि लागेको थियो।

**पश्चिम बंगाल – सरकार – कल्याणकारी पहलहरू**

पश्चिम बंगाल सरकारले आजदेखि अन्नपूर्ण योजना सुरु गर्ने तयारी गरेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले औपचारिक रूपमा पहलको उद्घाटन गर्नु हुनेछ। मुख्यमन्त्रीको सम्बोधन लगत्तै लाभार्थीहरूलाई स्वीकृति पत्र वितरण गरिनेछ। प्रत्येक ब्लक, नगरपालिका र कोलकाता नगर निगम क्षेत्रभित्रका १०० जना छनोट भएका लाभार्थीहरूलाई स्वीकृति पत्र हस्तान्तरण गरिनेछ। राज्य

सरकारले योजनाको सफल कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउन सबै जिल्ला प्रशासन र सम्बन्धित अधिकारीहरूलाई निर्देशन जारी गरेको छ।

## ममता ब्यानर्जी

पश्चिम बंगालकी पूर्व मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीले हिजो कोलकाताको धर्मतलास्थित 'वाई-च्यानल' मा आयोजना गरेको धर्ना विरोध प्रदर्शनमा पार्टीका निर्वाचित प्रतिनिधिहरूको सीमित संख्याको उपस्थितिले राजनीतिक वृत्तमा नयाँ बहस सुरु गरेको छ। हालैको विधानसभा चुनावमा सत्ता गुमाएपछि भाजपा सरकारको विरुद्धमा गरिएको यो विरोध प्रदर्शनमा केवल सात तृणमूल विधायक र दुई सांसदको सहभागिता थियो। धर्नामा उपस्थित विधायकहरूमा चन्द्रिमा भट्टाचार्य, सोवनदेव चट्टोपाध्याय, नैना बन्द्योपाध्याय, मदन मित्र, अशोक देव, असीमा पात्रा र विमान ब्यानर्जी थिए। सांसदहरूमध्ये डोला सेन र कल्याण ब्यानर्जीले आफ्नो उपस्थिति जनाएका थिए।

हालैको चुनावपछि पनि तृणमूल कांग्रेसले निर्वाचित प्रतिनिधिहरूको उल्लेखनीय संख्या कायम राखेको छ - विशेष गरी ८० विधायकहरू छन् । यस सन्दर्भलाई ध्यानमा राख्दै विपक्षी दलहरूले पार्टी प्रमुखद्वारा आयोजित एक महत्त्वपूर्ण राजनीतिक कार्यक्रममा विधायक र सांसदहरूको कम उपस्थितिको बारेमा प्रश्न उठाइरहेका छन्। राजनीतिक विश्लेषकहरू विश्वास गर्छन् कि यो अवस्थाले पार्टी भित्रको असन्तुष्टि र आन्तरिक कलहको बारेमा अनुमानलाई अझ बढावा दिन सक्छ। धर्नालाई सम्बोधन गर्नु हुँदै पूर्व मुख्यमन्त्री ममता ब्यानर्जीले भाजपा सरकारमाथि कडा आक्रमण गर्नु भयो। उहाँले आरोप लगाउनु भयो, राज्यमा तृणमूलका कार्यकर्ता र नेताहरूलाई लक्षित गरिएको छ र पार्टीलाई अस्थिर र विभाजित गर्ने प्रयास भइरहेको छ। उहाँले यो कठिन समयमा आफ्ना पार्टी कार्यकर्ताहरूलाई त्याग्ने छैनन् र आफ्नो प्रतिरोध जारी राख्ने दाबी गर्नु भयो।

## लक्ष्मी भण्डार योजनामा अनियमितताको मामिला

पश्चिम बङ्गालका महिलाहरूको लागि शुरू गरिएको लक्ष्मी भण्डार योजनामा अनियमितता भएको मामिला प्रकाशमा आएको छ। नदिया जिल्लाको कृष्णानगर-2 ब्लकमा 173 जना यस्ता लाभार्थीहरूलाई चिन्हित गरियो जसले पुरूष हुँदाहुँदै पनि यस योजनाको लाभ लिरहेका थिए। जिल्ला प्रशासन अनुसार लाभार्थीहरूको सूची जाँच गर्दा यो गड़बड़ीको खुलासा भएको हो। भनिन्छ, फरवरी, 2026-देखि यी मानिसहरूको नामलाई योजनाको सूचीमा सामेल गरिएको थियो जसले नियमित रूपमा आर्थिक सहायता प्राप्त गरिरहेका थिए। अन्नपूर्णा योजनाको लागि लाभार्थीहरूको सत्यापन गर्ने क्रममा यो मामिलाको खुलासा भएको हो। प्रशासनले 173 जना संदिग्ध लाभार्थीहरूलाई चिन्हित गरेको छ। यिनीहरूको नाम योजनाको सूचीबाट हटाउनको लागि कृष्णनगर-2 ब्लकका बीडीओले जिल्लाधिकारीलाई लिखित अनुरोध पठाएका छन्।
यस मामिलामा सरकारी स्तरमा कथित अनियमितता गरिएको आरोपमा बीडीओ कार्यालयका कर्मचारी भोला शीललाई कारण बताऊ नोटिस जारी गरिएको छ भने अर्कोतिर यस घटनालाई लिएर राजनीतिक विवाद पनि शुरू भएको छ। आरोपी कर्मचारीकी आमाको भनाइ छ, उनको छोरा तृणमूलसित जोड़िएको कारणले उनलाई राजनीतिक प्रतिशोधको शिकार बनाइरहेको छ।

## उत्तर बङ्गालको चिया उद्योगलाई बैठक

उत्तर बङ्गालको चिया उद्योगको विकास, बन्द र बिमार चिया बागानहरूको समस्या समाधान गर्न तथा श्रमिकहरूको कल्याणलाई लिएर हिजो मिनी शाखा सचिवालय उत्तरकनन्यामा एक महत्वपूर्ण बैठक आयोजना गरियो।

***बैठकमा चिया उद्योगको वर्तमान स्थिति, श्रमिकहरूको समस्या एवं भविष्यको रणनीतिमाथि स विस्तार चर्चा गरियो। चर्चामा पछिल्लो लामो समयदेखिको बन्द अवस्थामा रहेको तथा रोगी चिया बगानहरूको भविष्य, श्रमिकहरूको जीवन स्तर, स्वास्थ्य, शिक्षा एवं सामाजिक सुरक्षा जस्ता मुद्दाहरूलाई प्राथमिकता दिइयो। बैठकपछि सांसद राजू बिष्टले भन्नु भयो, उत्तर बङ्गालको चिया उद्योगको समग्र विकास नै मुख्य उद्देश्य हो। उहाँले आरोप लगाउनु भयो, केन्द्र सरकारद्वारा चिया श्रमिक कल्याण योजना अन्तर्गत आवन्टित एक हजार करोड़ रुपियाँमध्ये 313 करोड़ रुपियाँ राज्य सरकारद्वारा प्रस्ताव नपठाइएको कारणले खर्च हुन सकेन। उहाँले भरोसा दिलाउनु भयो, यस राशिको***

***उपयोग चाँड़ै चिया बगानका श्रमिकहरूको कल्याण, स्वास्थ्य सेवा तथा आधारभूत ढाँचाको विकासमा गरिनेछ।***

**पद्मश्री एवं पर्यावरणविद् डा जीएस योञ्जनलाई सम्मान**

आकाशवाणी खरसाङको 65औं स्थापना दिवसको अवसरमा आकाशवाणी खरसाङको तर्फबाट पद्मश्री पुरस्कारले सम्मानित एवं पर्यावरणविद् डा गम्भीरसिंह योञ्जन (डा जीएस योञ्जन) लाई सम्मान जनाइएको छ। मिरिकको गोपाल योञ्जन अडिटोरियममा सम्पन्न आकाशवाणीको 90 वर्ष पुगेको र आकाशवाणी खरसाङको 65 औं स्थापना दिवस कार्यक्रममा उहाँलाई कार्यक्रमको विशिष्ट अतिथिद्वय आकाशवाणी सिलगढीका कार्यालय प्रमुख एवं क्लस्टर हेड जितेन कुमार रोय अनि आकाशवाणी खरसाङको कार्यक्रम सह निर्देशक राजीव सुब्बाको बाहुलीबाट खदार्पणसहित शिर शोभा, शल ओढाएर साथै सम्मान पत्रद्वारा सम्मान जनाइयो।

***उहाँलाई सम्मान जनाइएको सम्मान पत्र आकाशवाणी खरसाङकी उदघोषिका रश्मी खवासले पठन गर्नु भएको थियो। कार्यक्रमलाई वरिष्ठ उद्घोषक उमेश कार्कीढोलीले सञ्चालन गर्नु भएको थियो। यस अवसरमा आफ्नो सम्भाषण राख्नु हुँदै पर्यावरणविद् डा गम्भीरसिंह योञ्जनले आकाशवाणी खरसाङ्ले विगत 65 वर्षदेखि पहाडका नेपाली भाषीहरुका लागि साहित्य, संगीत, कलामा धेरै कार्य गर्दै आईरहेको र पहाडको कला, साहित्य, शिक्षा र अन्य धेरैलाई देशभरि चिनाउन सकेको बताउनु भयो। उहाँले यहाँको चियाबारी र चियापत्ती विषयमा सिलिवेशमा समावेश गरेर पढाउन सकिए धेरै राम्रो हुने बताउनु भयो। उहाँले यहाँको चिया उद्योग विषयमा शिक्षा दिन आवश्यक छ भन्दै पहाडमा भएको चियापत्ती विषयमा विश्वविद्यालयको सिलिवेशमा समावेश गरेर पढाउनु पर्ने कुरामा जोड दिनु भयो। उहाँले भन्नु भयो, यहाँका विभिन्न समस्याहरु, यहाँका आवश्यकताहरू, यहाँको पर्यावरण र यहाँका आफ्नै विभिन्न कुराहरु पढाउन सकिए राम्रो हुनेछ। सरकारले शिक्षा नीति 2020 ल्याएर राम्रो काम गरेको छ।***

**आकाशवाणीको कार्यक्रम मिरिक**

आकाशवाणीको ९० वर्ष अनि आकाशवाणी खरसाङको ६५औं स्थापना दिवसको अवसरमा हिजो मिरिकको कृष्ण नगरस्थित गोपाल योञ्जन प्रेक्षागृहमा सांगीतिक कार्यक्रम सम्पन्न भयो। उमेश कार्कीढोली अनि सविता छेत्रीले सञ्चालन गरेको कार्यक्रममा पद्मश्री डा. जीएस योञ्जन प्रमुख रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा आकाशवाणीका कार्यालय प्रमुख एवं क्लस्टर हेड जितेन कुमार रोय, आकाशवाणी खरसाङका कार्यक्रम सह निर्देशक राजीव सुब्बा लगायत मिरिकक विभिन्न संघ संथाहरुका प्रतिनिधिहरु र आकाशवाणी खरसाङका कर्मचारीहरु साथै अन्यको उपस्थिति रहेको थियो। आकाशवाणी खरसाङकका कार्यक्रम सह निर्देशक राजीव सुब्बाले स्वागत सम्भाषण राख्नु भएको कार्यक्रममा अतिथि कलाकारहरू वरिष्ठ गायिका तथा सङ्गीतकार हिरा रसाईली, प्रवल थापा साथै रन्जिता सुनार, अभिनव रसाईली र सुशान्त मोक्तानले आफ्नो प्रस्तुति दिएका थिए। कार्यक्रममा आकाशवाणी सिलगढीका कार्यालय प्रमुख एवं क्लस्टर हेड जितेन कुमार रोयले वक्तव्य राख्नु भएको थियो| यस साङ्गीतिक कार्यक्रममा प्रस्तुति दिने कलाकारहरु र साङ्गीतिक टोलीका सदस्यहरुलाई विशिष्ट अतिथि सिलगढीका कार्यालय प्रमुख एवं क्लस्टर हेड जितेन कुमार रोयको बाहुलीबाट स्मृति चिन्ह प्रदान गरेर सम्मान जनाइयो।

****** ० ******